नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ | अंक २७ | २०८१ साल भदौं १ गते शनिबार (17 Aug. 2024 Saturday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : रासस मिडिया सङ्ग्रहालय :.. ३ पृष्ठमा : सामाजिक सञ्जालको दुरुपयोग ... ३ पृष्ठमासहकर्मीको हत्यापछि भारतीय...

## तेल बोकेको ट्याङ्कर र मोटरसाईकल ठोकिदा दुई जनाको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

सप्तरीमा तेल बोकेको ट्याङ्कर र मोटरसाईकल एकआपसमा ठोकिदा दुई जनाको शुक्रबार ज्यान गएको छ ।

पुर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको कंचनरुप नगरपालिका ३ बरमझियामा भएको उक्त दुर्घटनामा परि मोटरसाईकल चालक सुनसरीको हरिनगरा गाउँपालिका ३ गौतमपुर वस्ने ४१ वर्षिय महेश कुमार मेहता र पछाडी सवार सोही वडाका ४० वर्षीय जय प्रकाश मेहता छन् ।

प्रहरीका अनुसार मोटरसाइकल चालकको घट्नास्थलमै तथा पछाडी सवारको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले पश्चिमबाट पुर्वतर्फ जादै गरेको नेपाल आयल निगमको को.१ख.प्रदेश १-०२०४७ प १२८० नम्बरको मोटरसाईकल विहान १२ बजे तिर एकआपसमा ठोकिएर सो दुर्घटना भएको जानकारी दिएका छन् ।

यता दुर्घटनामा ट्याङकर चालक सिरहाको कर्जन्हा नगरपालिका ३ निवासी मिथिलेश यादव घाइते भएका छन् । उनको स्थानीय धर्मेश्वर अस्पतालमा उपचार भईरहेको तथा दुर्घट्नाबारे आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## दुई वर्षमा पनि बनेन् राजविराज-छिन्नमस्ता सडक



**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

धार्मिकस्थलका रुपमा रहेको सप्तरीको छिन्नमस्ता भगवति मन्दिरसम्म पुग्ने बाटो दुई वर्षदेखि निर्माणाधिन अवस्थामा रहेको छ । जसकरण सडक भत्केर लथालिङ्ग छ ।

मर्मत तथा पुर्ननिर्माणप्रति देखिएको उदासिनताका कारण यात्रुहरुलाई सास्ती हुने गरेको छ भने उक्त सडकखण्डमा दिनहूँ जसो दुर्घटना हुदै आएको छ ।

भारतीय दर्शनार्थीहरु समेत ठूलो संख्यामा आउने छिन्नमस्ता भगवती मन्दिरमा सदरमुकाम राजविराजबाट जान पनि बाटोको

***बाँकी तीन पृष्ठमा***

**साइबर सुरक्षाबारे सचेत रहौं**

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकेरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**सावधान !**
**अमूल्य छ जीवन**

**डेंगुको प्रकोपबाट बच्न अपनाउनुपर्ने उपायहरु:**

**लाम्खुट्टे नियन्त्रण:** पानी जम्न नदिनुहोस्, कीटनाशक प्रयोग गर्नुहोस्, र मच्छरदानीको प्रयोग गर्नुहोस्।

**सुरक्षित कपडा:** लामो बाहुला र लामो पाइन्ट लगाउनुहोस् ताकि लाम्खुट्टेले टोक्न नपाओस्।

**लाम्खुट्टे भगाउने उपायहरु:** लाम्खुट्टे भगाउने क्रीम वा स्प्रे प्रयोग गर्नुहोस्, र घरभित्र र वरपर सफा राख्नुहोस्।

अनुरोधकर्ता : सप्तकोशी नगरपालिका, सप्तरी

**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : कंचनरुप नगरपालिका, सप्तरी

## सम्पादकीय ....

# लागुपदार्थ नियन्त्रण गर्न जरुरी

लागु पदार्थ दुर्व्यसन हाम्रो समाजको कलंकका रुपमा रहेको छ। लागु पदार्थको प्रयोगकर्ताको संख्या दिनानुदिन बढ्दै गएको छ। खासगरी यो दुर्व्यसन युवावर्गमा बढी देखिएको छ। सप्तरी जिल्ला जहाँ भारतसँग जोडिएको खुला सीमाना छ, त्यहाँबाट लागुऔषध ओसारपसार सहजै भइरहेको युवा वर्ग यसको आकर्षणमा फँस्दै गएका छन् ।

नेपालमा डेढ लाखको हाराहारीमा लागुपदार्थ सेवन गर्नेहरु रहेको तथ्याङ्कले देखाउँछ। सो तथ्याङ्कले मुलुकमा प्रत्येक वर्ष ११ दशमलव ३६ प्रतिशतका दरले दुर्व्यसनीहरुको संख्या बढ्दै गएको देखाएको छ। लागु पदार्थ सेवन गर्नेहरुको स्वभाव, बोल्ने शैली र दैनिकी अचानक परिवर्तन हुन थाल्दछन् अभिभावकहरुले पनि आफ्ना छोराछोरीको स्वभाव र बोल्ने शैली तथा दैनिकीमा परिवर्तन देखिए सचेत हुन जरुरी छ। हुन सक्छ उनीहरु दुर्व्यसनको चक्रव्यूहमा पर्दै गएको हुन सक्छ। नेपालमा सवैभन्दा बढी काठमाडौंमा दुर्व्यसनीहरुको संख्या रहेको तथ्याङ्कले देखाउँछ। यसका अलावा भारतसँग सीमा जोडिएका जिल्लाहरुमा समेत लागुपदार्थको सेवनकर्ता उल्लेख रुपमा रहेका छन् । सप्तरीमा पनि प्रायः जसो जिल्लाका र छिमेकी जिल्लाका युवाहरु लागुऔषधका साथ प्रहरी नियन्त्रणमा आउने गरेका छन् । उनीहरु मध्ये केही सेवनकर्ता र केही ओसारपसारमा संलग्न रहेको प्रहरी श्रोतले जनाएको छ।

नेपालमा लागुऔषध नियन्त्रण गर्ने हेतुले ऐन तथा कानूनहरु नबनेका होइनन् । तथापि नेपालमा लागुपदार्थ सेवनकर्ता र खरीद बिक्रीको कारोबारमा खासै कमी आउन सकेको छैन। यसका लागि भएका कानूनहरुको कार्यान्वयनमा थप कडाई गर्दै विद्यालय र समाजमा नैतिक शिक्षालाई व्यवहारमा लागु गर्ने तर्फ पनि ध्यान पुऱ्याउन जरुरी रहेको छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# रासस मिडिया सङ्ग्रहालय : इतिहासको अभिलेखीकरण

**सिद्धराज राई**

काठमाडौँ, ३२ साउन (रासस) । रासस स्थापना भएको ६३ वर्ष पुगेको छ। विसं २०१८ मा काठमाडौँको नयाँसडकको एउटा कोठाबाट सुरुआत भएको रासस अहिले सुविधायुक्त भवनबाट सञ्चालन भइरहेको छ। राससले आफ्नो अतीत जगेर्ना गर्ने सन्दर्भमा कार्यालयको एउटा कोठामा ६३ वर्षको इतिहासलाई सङ्ग्रहगरी रासस मिडिया सङ्ग्रहालय सञ्चालनमा ल्याएको छ। सङ्ग्रहालय निर्माण र सञ्चालनको कार्य आफैँमा एक चुनौतीपूर्ण र जटिल रहेको हाम्रो अनुभव छ। गुगल र सामाजिक सञ्जालमा केन्द्रित भई सूचना खोजी रहेको नयाँ पुस्ताका लागि त यो सङ्ग्रहालय महत्वपूर्ण हुने नै छ पुराना पुस्ताले पनि मिडिया विकासको अध्ययनका सन्दर्भमा एकैछिन भए पनि राससको मिडिया सङ्ग्रहालयमा आउनुपर्ने अवस्थाको सिर्जना भएको छ भन्ने लागेको छ। सम्भवतः यस्तो किसिमको सङ्ग्रहालय नेपालमै पहिलो हो भन्न सकिन्छ ।

मैले सुनेको एउटा कथाअनुसार बाबुले छोरालाई एउटा पुरानो मोडलको खिया लागेको घडी दिएर भनेछ, छोरा यो घडीलाई बजारमा बेचेर आउ। छोरा घडी लिएर बजार गयो। बजारमा घडीका सबै पसलमा गएर बुझ्यो। तर कसैले किन्न मानेन। निरास भएर घर फर्केको छोरालाई बुबाले सोध्यो, किन निरास ? छोराले भन्यो, घडी कसैले किनेनन् । अनि बुबाले फेरी छोरालाई भन्यो, एकपटक सङ्ग्रहालयमा देखाउन जाउ। जब सङ्ग्रहालयमा गएर छोराले घडी देखायो। त्यहाँ उसले त्यो घडी ऐतिहासिक र सङ्ग्रहयोग्य रहेको जवाफ पायो। अनि सङ्ग्रहालयमा घडीको राम्रो मूल्य पायो र घडी बेचेर खुसी हुँदै घर फर्कियो ।

सङ्ग्रहालयमा लाखौँ मूल्यमा पुरानो घडी बेचेर फर्केको छोरालाई सम्झाउँदै बुबाले भन्यो-'हरेक वस्तु ठीक ठाउँमा पुऱ्याउनुपर्छ र सही मुल्य पाइन्छ।' यो कथा जस्तै राससले पनि अहिले सङ्कलन गरेर प्रदर्शनीमा राखेका सामग्रीहरु गोदममा थुप्रिएर बसेका थिए। ती सामग्रीलाई ठीक ठाउँमा सङ्ग्रह गरी प्रदर्शनीमा राखिएको छ भन्ने हाम्रो ठम्याइ हो। सङ्ग्राहलय आफैँमा एउटा अनुसन्धान र अध्ययन केन्द्र हो। पुर्खाले अर्जेको संरचनामा हामीले अहिले नयाँ प्रविधिमा अभ्यास गरिरहेका छौँ। यो सङ्ग्रहालय ती पुर्खाहरुप्रतिको सम्मान पनि हो भन्न सकिन्छ ।

राससको मूल कार्य समाचार सङ्कलन र सम्प्रेषण नै हो। राज्यको आधिकारिक सूचनालाई मिडियामार्फत जनतासम्म पुऱ्याउने र जनताको विचारलाई राज्यसम्म पुऱ्याउने पुलको रुपमा राससले भूमिका निर्वाह गरिरहेको छ। राससले आफ्नो सेवालाई समयनाकूल परिवर्तन गर्दै लगेको छ। राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण र प्रचारप्रचार गरी सरकारको मुख्य प्रचार साझेदारको रुपमा राससले पहिचान बनाएको छ। हिजो थोरै मिडियाको लागि अति आवश्यक रासस आज आएर सबै मिडियाको लागि अपरिहार्य बनेको छ, बन्दै छ। हिजो राससको सेवा प्रयोग नगरी आफ्नै क्षमतामा समाचार उत्पादन गर्ने मिडियाले समेत अहिले राससको सेवा लिएको कुरा सुनाउन पाउँदा हाम्रो यात्रा सही दिशामा केन्द्रित छ भन्ने लागेको छ।

रासस नागरिकलाई सूचनाको हक सुनिश्चिता गराउन, सामाजिक रुपान्तरणको अभियानमा हातेमालो गर्न र आधिकारिक सूचना संप्रेषण गर्न अग्रमोर्चामा उभिएको छ। हामीले दिने सेवा समयनुकूल, आधिकारिक र सही छ भन्ने हाम्रो विश्वास हो। तर हामीले अहिले गरिरहेको कार्य मात्र पर्याप्त छैन भन्ने हाम्रो ठम्याइ हो। समाचार सम्प्रेषणका सन्दर्भमा हामीले धेरै गर्न बाँकी छ।

आजको डिजिटल युगमा आफूलाई समयनुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्न, राससले हरसम्भाव प्रयास गरिरहेको छ। यसै सिलसिलामा राससले आफ्नो सेवालाई विविधीकरण गर्दै लगेको छ। नेपाली समाचारबाट सुरु भएको राससको सेवा अहिले अङ्ग्रेजी र अन्तर्राष्ट्रिय समाचार, फिचर/आलेख/विचार, फोटो, भिडियो, अडियो सेवा हुँदै २०८० माघदेखि अवधि भाषामार्फत मातृभाषाको समाचार सेवा पनि सुरुवात गरेका छौँ। यी सेवालाई रासस निरन्तर प्रगतिपथमा अग्रसर रहेको सूचकको रुपमा हामीले लिएका छौँ।

यस आर्थिक वर्षदेखि राससले २४ सै घण्टा समाचार सेवा र मातृभाषामा थप दुई भाषाहरु मैथिली र नेपाल भाषामा समाचार सेवा सुरुआत गर्ने तयारी गरिरहेको जानकारी गराउन पाउँदा हामी गौरवबोध गरिरहेका छौँ। राससले प्रारम्भ गर्ने २४ सै घण्टा समाचार सेवाले नेपाली सञ्चारमाध्यमहरु अब पहिलाजस्तो डेटलाइनमा सीमित नरहने विश्वास छ। मातृभाषाको समाचार सेवाले नेपाली मिडियालाई विविध भाषामा समाचार संप्रेषण गर्न सहयोग पुग्नेछ। खासगरी मातृभाषामा सञ्चालन हुने सञ्चारमाध्यमको विकास र स्थायित्वका लागि यो सेवा कोशे ढुंगा सावित हुने हाम्रो विश्वास छ।

राससको समाचार सेवाको विविधीकरण गर्ने कार्यसँगै केही रचनात्मक कार्यसमेत गर्ने प्रयास गरिरहेको छ। राज्य र सरकारको कामलाई सहयोग र साथ दिन राससले गएको जेठ महिनामा 'समृद्धिका लागि पूर्वाधार' शीर्षकमा तस्बिर प्रदर्शनी गरेको थियो। यो तस्बिर प्रदर्शनीले नेपालमा विकास भएन, कुनै काम भएन भनेर, निर्माण भइरहेको भास्यलाई निरुत्साहित गर्न सहयोग पुगेको छ भन्ने लागेको छ।

आज राससले ६३ वर्षको अवधीमा प्रयोगमा ल्याएका वस्तुहरुको सङ्ग्रह गरेर रासस मिडिया सङ्ग्रहालय सञ्चालनमा ल्याएको छ। यो सङ्ग्रहालय राससले आफ्नो आन्तरिक स्रोत परिचालन गरेर स्थापना गरेको हो। राससको गोदाममा थुप्रिएका, बेकामे भनेर राखिएका, वर्तमानमा प्रयोगहीन ठहरिएका सामग्रीहरु सङ्कलन गरेर स्थापना गरिएको, यो सङ्ग्रहालय राससलाई जीवन्त राख्ने एक प्रयास हो भन्दा अत्युक्ति नहोला ।

अहिलेको रासस व्यवस्थापन टिमले राससको इतिहासलाई अभिलेखीकरण गर्ने प्रयास गरिरहेको छ। यसैको एउटा खुड्किलोको रुपमा रासस मिडिया सङ्ग्रहालय पनि हो। २०८० फागुन ७ गते ६३औं वार्षिकेत्सवको सन्दर्भमा राससमा नेतृत्व गरेका अध्यक्ष, महाप्रबन्धक र सेवा गरेका कर्मचारीहरुको अनुभव र अनुभूतिलाई सङ्ग्रह गरेर एउटा पुस्तक प्रकाशित गरेका थियौँ। यस वर्ष रासस मिडिया सङ्ग्रहालय स्थापना गरेर इतिहासलाई थप व्यवस्थित बनाउने प्रयास गरेका छौं ।

अहिले राससको सङ्ग्रहालयमा ४६ प्रकारका सामग्री सङ्कलन गरी राख्न सकिएको छ। निश्चय पनि यी सामग्रीले राससको इतिहास र विकासक्रमलाई बुझ्न सहज हुनेछ। यो मिडिया सङ्ग्रहालय नेपालको मिडिया विकासक्रमको विषयमा अध्ययन, अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरुका लागि उपयोगी हुनेछ भन्ने हाम्रो विश्वास छ। डिजिटल युगको पत्रकारिता गरिरहेको पुस्तामा पुराना पुस्ताले विगतमा निर्वाह गरेको भूमिका बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोणमा थोरै भए पनि परिवर्तन आउन सकेको खण्डमा हाम्रो प्रयास सार्थक भएको हामी ठान्ने छौँ।(लेखक राससका महाप्रबन्धक हुनुहुन्छ)

# थप पाँच प्रदेशमा क्यान्सर उपचार सेवा विस्तार कार्यविधि स्वीकृत

काठमाडौँ, ३२ साउन (रासस) । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले थप पाँच प्रदेशमा क्यान्सर उपचार सेवा विस्तार निर्णय गरेको छ। यसका लागि मन्त्री प्रदीप पौडेलले अस्पतालमा क्यान्सर उपचार सेवा विस्तार गर्ने कार्यविधि २०८१ स्वीकृत गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

मन्त्री पौडेलले पदभार सम्हालेलगत्तै गत असार ३१ गते आफ्नो पहिलो निर्णयमा राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति २०२४-३० स्वीकृत गर्नुभएको थियो। उक्त रणनीतिले सातवटै प्रदेशमा क्यान्सरको परीक्षण तथा निदान गर्ने लक्ष्य लिएको थियो।

कार्यविधि स्वीकृत भएपछि चितवनको भरतपुर क्यान्सर अस्पताल, भक्तपुरको भक्तपुर क्यान्सर अस्पताल तथा नेपालगञ्जको सुशील कोइराला प्रखर क्यान्सर अस्पतालले देशका अन्य भागमा विस्तारित क्यान्सर उपचार सेवा उपलब्ध गराउने भएका छन् ।

कार्यविधिअनुसार भक्तपुर क्यान्सर अस्पतालले कोशी प्रदेशमा विराटनगर अस्पताल र मधेस प्रदेशमा नारायणी अस्पताल वीरगञ्जमा क्यान्सरसम्बन्धी विशेषज्ञ सेवा उपलब्ध गराउनेछ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरले गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णालीको सुर्खेत प्रादेशिक अस्पताल र सुदूरपश्चिमको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा विशेषज्ञ सेवा उपलब्ध गराउनेछ। यससँगै देशका सातवटै प्रदेशमा क्यान्सर उपचारसम्बन्धी सेवाको पहुँच विस्तार भएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

मन्त्री पौडेलले गत आइतबार सार्वजनिक गरेको प्राथमिकता तथा योजनामा सातै प्रदेशमा क्यान्सर रोग उपचार सेवा विस्तार गरिने उल्लेख गर्नुभएको थियो। "आमनागरिकले सहज तरिकाले क्यान्सर उपचार सेवा पाउने गरी यसको विस्तार गर्ने हाम्रो नीति हो, यसै अनुरुप विस्तारलाई प्राथमिकतामा राखेर काम गरेका हौँ। सङ्घीय अस्पतालको सेवा विस्तारसँगै

*बाँकी तीन पृष्ठमा*

# सामाजिक सञ्जालको दुरुपयोग गर्दा बैंकिङ प्रणालीमा असर पुऱ्यायो : गभर्नर अधिकारी

काठमाडौं, ३२ साउन (रासस) । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले कतिपय व्यक्तिले सामाजिक सञ्जालको दुरुपयोग गर्दा बैंकिङ प्रणालीमा असर हुँदा त्यस्ता व्यक्तिहरुमाथि कानुनी कारबाहीको व्यवस्था राख्नुपर्ने बताउनुभएको छ ।

आज सङ्घीय संसद् प्रतिनिधिसभाको अर्थसमितिमा बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथि भएको छलफलमा उहाँले ऐनमा नै त्यस्ता व्यक्तिले कसुर गरेको ठहर्ने गरी व्यवस्था राख्न जरुरी रहेको औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "एकजना व्यक्तिका पछाडि लाखौं फलोअर्स छन् । त्यो व्यक्तिले यो बैंक डुब्दै छ, यो बैंक सुरक्षित छ, जस्ता कुरा गरेर बैंकको पैसा नतिरौँ मिनाहा गरिदिन्छु भनेर आह्वान गर्ने र उसका १० हजार फलोअर्सले मात्रै केही समय पैसा तिरिदिएनन् वा बैंकमा लाइन लागे भने बैंकिङ प्रणाली नै कोल्याप्स हुने अवस्था रहेको छ ।"

उहाँले सहकारी मात्रै नभइ यस्तै अवस्था रहने हो र उनीहरुले छुट पाइरहने हो भने कुनै पनि बैंक समस्यामा पर्न सक्नेतर्फ समितिको ध्यानाकर्षण गराउनुभयो । सोसल मिडियाको दुरुपयोगका कारण यो क्रियाकलाप बढ्दो रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "यसैले कोही व्यक्तिले त्यसरी बैंकप्रति दुस्प्रचार गर्छ । बैंकको मान्यताभन्दा बाहिर गएर उसले काम गर्छ भने त्यो कसुरजन्य काम स्थापित गरिनुपर्छ ।"

उहाँले उदाहरण दिँदै अहिले नेपालको बैंकिङ प्रणालीमा त्यस्तै समस्या परिरहेको पनि बताउनुभयो । उहाँले भन्नुभयो, "केही व्यक्तिले यस्तै काम गरिदिँदा गत एक/डेढ वर्षदेखि एक त रिकभरी समस्या भइरहेको छ, कसैले २० लाखसम्म नतिरे हुन्छ भनिरहेका छन्, कसैले पाँच लाख नतिरे हुन्छ भनेर नेतृत्व गरेर हिँडिरहेका छन् । उनीहरुलाई हामीले केही गर्न सक्दैनौं किनकी हाम्रो वातावरण यस्तै छ । अर्कोतर्फ तिरेनौं भने हामीले थप लोन किन दिने फेरि फस्ला भनेर बैंकक डराइरहेका छन् । यसबारे गम्भिर रुपमा समितिमा छलफल हुन जरुरी छ ।"

उहाँले बैंकिङ प्रणाली फेल भयो भने एउटा बैंक मात्रै नभइ समग्र प्रणालीमा असर गर्ने हुँदा त्यस्ता प्रचारप्रसार माथि कसुर तोकिनुपर्ने सुझाव दिनुभयो ।

उहाँले चेक अनादरले पब्लिकको डिपोजिटलाई दुरुपयोग हुने वित्तीय दायित्वलाई खलल पार्ने र समग्र आर्थिक प्रणालीलाई नै असर पार्ने हुँदा यसलाई कसुर मानिनुपर्छ भनेर यो ऐन २०६४ सालमा सुरु भएको जानकारी दिँदै अब चेक अनादर आफैंमा लेनदेन र देवानीको विषय हो वा सरकारवादी फौजदारी विषय हो भनेर समितिमा गीम्भर छलफल गर्न जरुरी रहेको सुझाव दिनुभयो ।

महान्यायाधिवक्ता रमेश बडालले प्रस्तावित विधेयकको दफा ४ मा अनाधिकृत रुपमा कर्जा लिन दिन हुँदैन भन्ने कुरामा सावाँ, ब्याज हर्जना सबै तिर्छ भने यो विषयमा मुद्दा चलाउने कि नचालाउने भन्ने प्रश्न रहेको बताउनुभयो ।

उहाँले नक्कली कागजात राखेर प्रणालीमा आक्रमण गर्न खोज्यो वा नक्कली कार्ड बनाएर, ह्याक गरेर सिष्टममाथि प्रहार गर्नेको हकमा कसुरमा कुनै छुट नहुने उल्लेख गर्दै लेनदेनलगायतका बैंकिङ कसुरका घटनामा मिलापत्र गर्दा पनि राज्यलाई फाइदा नै पुग्ने बताउनुभयो । उहाँले भन्नुभयो, "ठगी, ढुकुटीको कारोबारलाई अपराध घोषणा गरेका छौं । ठगीमा मिलापत्र हुने अवस्था रहेको छ भने यसमा पनि व्यक्तिबीचमा भएको लेनदेन घटनामा मिलापत्रको व्यवस्था राख्दा समस्या हुँदैन । "

उहाँले दफा ८ मा कर्जाको दुरुपयोग गर्न नहुने विषयमा सुझाव राख्दै उसले सबै राफसाफ गरेको खण्डमा अपराधिकरण घोषणको आवश्यकता नहुनसक्नेतर्फ ध्यानाकर्षण गराउनुभयो ।

दफा ११ मा बैंकले कर्जा प्रवाह गर्ने सन्दर्भमा समयमा कर्जा प्रवाह गरेन र ऋणिलाई समस्या परेको खण्डमा पक्षका बीचमा समस्या समाधान गरेको खण्डमा पनि मिलापत्र गर्न सकिने गरी कानुनी व्यवस्था जरुरी रहेको उहाँले बताउनुभयो ।

सजायको व्यवस्थाका विषयमा उहाँले चेक अनादरलगायतका विषयमा थोरै सजायकै व्यवस्था उपयुक्त हुने र विधेयकमा आएको व्यवस्था ठिकै रहेको सुझाव दिनुभयो ।

सरकारी बैंकले राष्ट्र बैंकबाट स्वीकृति प्राप्त नगरी बैंकिग कारोकार गर्न गराउन हुँदैन भन्ने व्यवस्था राखिएकोतर्फ उहाँल्ले राष्ट्र बैंक ऐनमै नराखेको खण्डमा समस्या उत्पन्न हुनेतर्फ पनि ध्यानाकर्षण गराउनुभएको थियो ।

## थप पाँच ...

अब आम नागरिकको क्यान्सर उपचार सेवा पहुँच सहज हुने विश्वास लिएको छ", मन्त्री पौडेलले भन्नुभयो ।

मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखा प्रमुख डा कृष्ण पौडेलले अब बिरामीले सङ्घीय क्यान्सर अस्पतालको सेवा नै विस्तारित अस्पतालबाट पाउने भएकाले खर्च र समय दुवै बचत हुने बताउनुभयो । अब सेवा विस्तार भएका अस्पतालको सेवा र गुणस्तरमा थप सहायता पाउने उहाँको भनाइ छ । स्याटेलाइट क्लिनिक तथा आफ्ना दक्ष जनशक्ति पठाएर विस्तारित अस्पतालमार्फत सेवा दिइने भएकाले यो प्रभावकारी हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

अहिले सङ्घ मातहतका तीन अस्पतालले मात्र क्यान्सर उपचार सेवा उपलब्ध गराउँदै आएका छन् । कार्यविधि स्वीकृत भएसँगै ती अस्पतालले तत्काल सेवा उपलब्ध गराउन प्रक्रिया थाल्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

## दुई वर्षमा ...

कारणले सास्ती खेप्नु परेको छ ।

ठाउँ ठाउँमा खाल्डो हुनुका साथै पानी जमेर पोखरी बनेपछी थप समस्या भएको यात्रुहरुको गुनासो छ । अर्को तर्फ सवारी साधनबाट यात्रु ओराल्दै चढाउदै लैजानु परेको टेम्पो व्यवसायी सत्यनारायण चौधरी बताउँछन ।

कुनै बेला पनि दुर्घटना हुन सक्ने भएका कारण जोखिम मोलेर सवारी साधन चलाउनु परेको उनको कथन छ । पहिला बस सेवा संचालन रहेको भएपनि बाटो बिग्रेका कारण अहिले बस संचालन बन्द रहेको छ ।

अटोरिक्सा र सिटी रिक्साका भरमा यात्रा गर्दा पनि अत्यन्त सकस हुने गरेको दर्शनार्थीहरु बताउँछन । बाटो बिग्रेका कारण १० किलोमिटर यात्रा तय गर्न १ घण्टा भन्दा बढी लाग्ने गरेको उनीहरुको भनाई छ ।

छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी सहितको एक टोली सडक मर्मतको माग गर्दै लहानस्थित सडक डिभिजन कार्यालयमा गत असार ३० गते धर्ना समेत बसिसकेका छन ।

दशैं नजिकीदै गएको बेला छिन्नमस्ता दर्शन आउने दर्शनार्थीहरुले सास्ती भोग्नु नपरोस भनेर छिट्टै सडक मर्मतका लागी केन्द्र समक्ष ध्यानाकर्षण गराउँदा समेत अहिलेसम्म संतोषजनक काम अघि नबढेको उनले गुनासो गरेका छन ।

सम्बन्धित निकायको कमजोरीका कारण सडक यस्तो अवस्थामा पुगेको आरोप लगाउदै स्थानीयले अविलम्ब उक्त सडक खण्डको स्तरोन्नती गर्न मागँ गरेका छन् ।


जनहितमा जारी सन्देश

दाइजो प्रथा गैर कानुनी हो, यसको अन्त्य गरौं ।

बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो ।

बालविवाह नगरौं नराऔं,

बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"



अनुरोधकर्ता : बोदेबरसाईन नगरपालिका, सप्तरी


## विश्व समाचार

### सहकर्मीको हत्यापछि भारतीय चिकित्सकहरू हडतालमा

नयाँदिल्ली, ३२ साउन (रासस/एएफपी) ।

सहकर्मीको बलात्कार र हत्यापछि भारतीय चिकित्सकहरूले शुक्रबार देशव्यापी विरोध प्रदर्शन र हडताल बढाउने बताएका छन् । उक्त क्रुर हत्याले महिलाविरुद्ध हिंसाको पुरानो मुद्दामा आक्रोशलाई केन्द्रीत गरेको छ ।

पूर्वी सहर कोलकाताको एक सरकारी अस्पतालमा अगस्ट ९ मा ३१ वर्षीया व्यक्तिको रगतले लतपतिएको र क्रुर शव प्राप्त भएपछि देशव्यापी विरोध प्रदर्शन सुरु भएको हो ।

नयाँदिल्लीमा सरकारद्वारा सञ्चालित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) अस्पतालबाट शुभ्राङ्कर दत्ताले शुक्रबार भन्नुभयो, "हामीले हाम्रा सहकर्मीलाई न्यायको माग गर्न विरोध प्रदर्शनलाई तीव्रता दिइरहेका छौं ।"

धेरै राज्यका सरकारी अस्पतालहरूमा उनीहरूले विरोध स्वरूप सोमबार वैकल्पिक सेवाहरू 'अनिश्चित कालका लागि' बन्द गरेका छन् । सरकारी तथा निजी दुवै प्रणालीमा धेरै चिकित्सा सङ्गठनहरूले हडतालको समर्थन गरेका छन् ।

हत्याको निन्दा गर्नका लागि हजारौंले बुधबार रातभर कोलकाताको सडकहरूमा जुलुस निकाले र मध्यरातमा भारतको स्वतन्त्रता दिवसको सुरुआतका साथ मैनबत्तीको उज्यालोमा जुलुस निकाले ।

इन्डियन मेडिकल एसोसिएसनले निजी अस्पतालहरूमा सबै अनावश्यक र चिकित्सा प्रक्रियाहरू निलम्बन गर्दै शनिबार २४ घन्टाका लागि 'देशव्यापी सेवाहरू बन्द गर्न' आह्वान गरेको छ ।

शिक्षण अस्पतालको सेमिनार हलमा हत्या गरिएकी चिकित्सक फेला परेको र उनी लामो सिफ्टका क्रममा केही समयका लागि आराम गर्न त्यहाँ गएको भारतीय सञ्चारमाध्यमले बताएका छन् ।

भारतीय प्रसारक एनडिटिभीका अनुसार शव परीक्षणले यौन दुर्व्यवहार भएको पुष्टि गरेको छ । अदालतमा निवेदनमा पीडितका बुबाआमाले आफ्नी छोरीमाथि सामूहिक बलात्कार भएको आशङ्का गरेका छन् ।

प्रहरीले अस्पतालमा व्यस्त लाइनमा सहयोगीको काम गर्ने एक व्यक्तिलाई हिरासतमा लिएको छ । राज्य सरकारका अधिकारीहरूमाथि यो विषयलाई दुरुपयोग गरेको आरोप लगाइएको छ ।

भारतमा महिलाविरुद्ध यौन हिंसा व्यापक समस्या हो । एक अर्ब ४० करोड जनसङ्ख्या भएको मुलुकमा सन् २०२२ मा प्रतिदिन औसत करिब ९० बलात्कारको घटना रिपोर्ट गरिएको छ ।

धेरैका लागि आक्रमणको विभत्स प्रकृतिले सन् २०१२ मा दिल्ली बसमा एक युवतीमाथि भएको भयानक सामूहिक बलात्कार र हत्यासँग तुलना गरेको छ ।

ती महिला महिलाविरुद्ध यौन हिंसाको सामना गर्न सामाजिक रूपमा रूढिवादी मुलुकको असफलताको प्रतीक बनिन् । उनको मृत्युपछि दिल्ली र अन्य स्थानमा ठूलो मात्रामा कहिलेकाहीं हिंसात्मक प्रदर्शनहरू भए ।

दबाबमा सरकारले बलात्कारीहरूका लागि कठोर सजाय र बारम्बार अपराध गर्नेहरूका लागि मृत्युदण्डको व्यवस्था गऱ्यो ।

धेरै नयाँ यौन अपराध पनि सुरु भए । यसमा पछ्याउने पनि सामेल छ । साथै बलात्कारको उजुरी दर्ता गर्न अस्वीकार गर्ने अधिकारीहरूलाई अब जेल सजाय हुनसक्छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार महिलाविरुद्ध 'राक्षसी' कृत्य गर्नेहरूलाई तत्काल सजाय दिन माग गर्नुभयो । "हाम्रा आमा र दिदीबहिनीमाथि भएको अत्याचारप्रति आक्रोश छ", उहाँले भन्नुभयो, "महिलाविरुद्धका अपराधको शीघ्र छानबिन हुनुपर्छ, महिलाविरुद्धको राक्षसी व्यवहारलाई कडा र तत्काल सजाय दिनुपर्छ ।"

चिकित्सकहरूले स्वास्थ्यकर्मीहरूलाई हिंसाबाट बचाउन केन्द्रीय संरक्षण ऐन, विधेयक लागु गर्न माग गरेका छन् ।

### सिनावात्रा थाइल्याण्डको प्रधानमन्त्री निर्वाचित

बैङ्कक, ३२ साउन (रासस/एएफपी) ।

थाइल्याण्डको संसदले ३७ वर्षीया छोरी पाएटोङटार्न सिनावात्रालाई शुक्रबार प्रधानमन्त्रीमा निर्वाचित गरेको छ । गठबन्धनमा रहेका अन्य १० दलमध्ये कसैले पनि विकल्प अघि नसारेपछि फेउ थाई पार्टीले बिहीबार पाएटोङटानलाई आफ्नो प्रतिस्थापन उम्मेदवारको रूपमा चयन गरेको थियो छ ।

फेउ थाइ पार्टीले थाइल्याण्डको राजनीतिमा प्रभावशाली परिवार मानिने सिनावात्रा वंशका तेस्रो सदस्य पेटोङटार्नलाई प्रधानमन्त्री बनाउने निर्णय गरी संसदीय प्रक्रियामार्फत् अनुमोदनका लागि शुक्रबार नै संसदमा प्रस्तुत गरेको थियो ।

पाएटोङटार्नका बुबा थाक्सिन सिनावात्रा र फुपु यङलिङ सिनावात्राले यसपहिले नै प्रधानमन्त्रीको रूपमा सेवा गरिसकेका छन् । थाइल्याण्डको संवैधानिक राजतन्त्रको इतिहासमा उहाँ सबैभन्दा कान्छो नेता हुनुहुन्छ ।

राज्यको संवैधानिक अदालतले निवर्तमान प्रधानमन्त्री श्रेता थाभिसिनलाई फौजदारी अभियोग लागेका व्यक्तिलाई मन्त्री नियुक्त गरेको भनी अदालतमा दायर मुद्दामाथि सुनुवाईपछि दोषी ठहर गर्दै पदमुक्त गरिएको थियो । पेटोङटार्न थाइल्याण्डको दोस्रो महिला प्रधानमन्त्री बन्नुभएको छ ।

सेना, राजावादी दलहरू र टेलिकम टाइकुन तथा कुनै समय म्यानचेस्टर सिटीका मालिकसमेत बनेका पूर्वप्रधानमन्त्री थाक्सिनसँग जोडिएका पपुलिस्ट पार्टीहरूबीच लामो समयदेखिको तनावपछि निवर्तमान प्रधानमन्त्री स्रेथाको बहिर्गमन भएको थियो ।

संसदको तेस्रो ठूलो दल भुमजैथाईले शुक्रबारको मतदानमा फेउ थाईका उम्मेदवारलाई समर्थन गर्न सहमत भएको जनाएको छ ।सन् २०२२ को अन्त्यमा राजनीतिमा प्रवेश गर्नुअघि पेटोङटार्नले होटेल क्षेत्रको व्यवसाय हेर्दै आउनुभएको थियो र गत वर्षको आम चुनावको दौडान उहाँ चुनावी अभियानमा लगभग निरन्तर उपस्थित रहनुभएको थियो ।

# तिलाठीमा समुदायका लागि जलवायु उत्थानशीलता कार्यक्रम सञ्चालन



**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

जलवायु परिवर्तनका कारण उच्च जोखिममा रहेको सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा समुदायका लागि जलवायु उत्थानशीलता कार्यक्रम सञ्चालन भएको छ ।

तिलाठी कोईलाडी गाउँपालिकाको समन्वय तथा मर्सिकोर नेपालको सहयोगमा आसमान नेपालद्वारा खाँडो नदीमा आधारित सो कार्यक्रम सञ्चालन गरिने भएको छ ।

लक्षित समुदायहरु र पालिकामा जलवायुजन्य हानी तथा नोक्सानी कम गर्ने, बाढी र तातो हावाको लहरको पूर्वतयारी, अनुकूलन र पूर्वानुमानमा आधारित पूर्वकार्यलाई स्थानीय सरकारको योजना र नीतिहरुमा प्राथमिकीकरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको आसमान नेपालका कार्यक्रम निर्देशक दिनेश्वर साहले जानकारी दिए ।

पालिकामा विपद् जोखिम न्युनीकरण र जलवायु परिवर्तन अनुकूलन विशेष गरि बाढी र तातो हावाको लहरको पूर्वतयारी, अनुकूलन र पूर्वानुमानमा आधारित पूर्व कार्यका लागि सरकारी बजेट र स्रोत बढाउने कार्यक्रमको उद्देश्य रहेको कार्यक्रम निर्देशक साहले जानकारी दिए । पहिलो चरणमा सो कार्यक्रम २०२७ सम्म सञ्चालन हुनेछ ।

तिलाठी कोईलाडी गाउँपालिका बाढीको अत्यन्तै जोखिममा रहेको कार्यक्रमको शुभारम्भ बैठकमा बोल्दै गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले यस्ता परियोजनाहरुले गर्दा समुदायलाई उत्थानशील बनाउन मद्दत पुग्ने बताए ।

तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलको अध्यक्षतामा आयोजित सो कार्यक्रममा मर्सिकोर नेपालका संजित श्रेष्ठ, आसमान नेपालका विपद् कार्यक्रम व्यवस्थापक विजयकुमार यादव, कार्यक्रम संयोजक डोरेन्द्र बस्नेत, कार्यक्रमको बारेमा प्रस्तुतीकरण गरेका थिए । सो अवसरमा वडा अध्यक्ष कमल कुमार मण्डल र गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झासहितले कार्यक्रमको बारेमा मन्तब्य ब्यक्त गरेका थिए ।

# बोदे बर्साइनमा 'शीतभण्डार' निर्माण गरिने

**दैनिक समाचारदाता**
**राजविराज, ३२ साउन ।**

सप्तरीको बोदे बर्साइन नगरपालिकामा दोस्रो चरणको 'शीतभण्डार' निर्माण गर्न थालिएको छ । बोदे बर्साइन नगरपालिका २ बैरियामा निर्माण गर्न लागिएको शीतभण्डारको नगरप्रमुख आतेशकुमार सिंहले शिलान्यास गरेका छन् ।

तरकारी तथा फलफूल लामो समयसम्म भण्डारण गर्ने उद्देश्यले बैरियामा नौ सय मेट्रिकटन क्षमताको अत्याधुनिक कोल्ड स्टोर निर्माण गर्न लागिएको हो । नगरप्रमुख आतेशकुमार सिंहले यसले किसानलाई आलु, प्याज तथा अन्य तरकारी भण्डारणमा सहयोग पुग्ने बताए ।

नगरपालिकाका नगरप्रमुख सिंहले बोदे बर्साइन नगरवासीका लागि शीतभण्डार गौरवको आयोजना भएको बताए । निर्वाचनमा आफ्नो पहिलो 'एजेन्डा' का रूपमा शीतभण्डार निर्माणलाई अघि सारेको स्मरण गर्दै उद्देश्यले योजना साकार हुन लागेकोमा खुसी व्यक्त गने ।

नगरप्रमुख सिंहले लामो समयसम्म उत्पादन गरिएका तरकारी तथा फलफूल भण्डार गरेर राख्न सकिने भएकाले किसान खेतीतर्फ आकर्षित भई उत्पादनमा वृद्धि हुने तथा बजारीकरणको सम्भावना पनि बढ्ने दाबी गरे ।

केन्द्र सरकारको अनुदानमा नौ कठ्ठा जग्गामा शीतभण्डार निर्माण हुन लागेको हो । जसमा अत्याधुनिक प्रविधि एवं वहुउपयोगी शीतभण्डारको प्रथम चरणमा प्रशासनिक कार्यालय भवन, गार्ड हाउस, शौचालय, पार्किङ निर्माण गरिएका छुन ।

दोस्रो चरणको ठेक्का दुई वर्षको अवधिमा निर्माण सम्पन्न गर्नेगरी निर्माण कम्पनीलाई ठेक्का दिइएको नगरपालिकाका इञ्जिनीयर दिनेश ठाकुरले बताए । जेवी निर्माण कम्पनीले १२ करोड ३१ लाख ७७ हजारमा शीतभण्डार निर्माण गर्ने सम्झौता गरी सम्पूर्ण कार्य पूरागरी सञ्चालनमा ल्याउने निर्माण कम्पनीका प्रतिनिधि दीपेन्द्र यादवले बताए । निर्माण कम्पनीले २४ महिनाभित्र शीतभण्डार निर्माण सक्ने जेवी निर्माण कम्पनीका प्रतिनिधि दीपेन्द्रप्रसाद यादवले प्रतिबद्धता जनाएका छन् ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३२ साउन ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । बिहीबार बसेको निगम सञ्चालक समितिको बैठकले शुक्रबारदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य घटाउने निर्णय गरेको हो । निगमले पेट्रोलको मूल्य प्रतिलिटर पाँच तथा डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर तीन घटाएको जनाएको छ ।

निगमका अनुसार पहिलो वर्गमा पेट्रोलको मूल्य प्रतिलिटर एक सय ६७ रहेकामा एक सय ६२ कायम भएको छ । दोस्रो वर्गका लागि प्रतिलिटर एक सय ६९ रहेकामा एक सय ६४ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ७० रहेकामा एक सय ६५ कायम गरिएको छ ।

साथै डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गका लागि एक सय ५५ रहेकामा एक सय ५२ कायम गरिएको छ । साथै दोस्रो वर्गका लागि एक सय ५७ रहेकामा एक सय ५४ र तेस्रो वर्गका लागि एक सय ५८ रहेकामा एक सय ५५ कायम गरिएको निगमले जनाएको छ ।

# इलेक्ट्रिक चुरोट बरामद

वीरगञ्ज, ३२ साउन (रासस) ।

सशस्त्र प्रहरी बल रु १७ लाख १० हजार छ सय ५० मूल्य बराबरको इलेक्ट्रिक चुरोट (भेप) बरामद गरेको छ । वीरगञ्ज महानगरपालिका वडा-१६ स्थित भन्सार कार्यालयको मुख्यगेट नजिकैबाट भारततर्फ लुकाईछिपाई लैजाने क्रममा रहेको चार सय ५० थान भेप आ बरामद गरिएको हो ।

सशस्त्र प्रहरी बल १३ नम्बर गणका प्रहरी नायब उपरीक्षक देवेन्द्र सिंहले भन्सारको मुख्य गेट नजिकै प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको टोलीले चेकजाँचका क्रममा टाँगाभित्र फल्स बटम बनाएर लुकाएर राखेको इलेक्ट्रिक चुरोट बरामद गरेको जानकारी दिनुभयो ।

"भारततर्फ लैजानका लागि बाटोमा रोकिराखेको टाँगाबाट सो भेप बरामद भएको हो", उहाँले भन्नुभयो, "बरामद भएको भेप बिहीबारै वीरगञ्ज भन्सार कार्यालयमा दाखिला गरेका छौँ ।"

यसअघि पर्सा प्रहरीले गत साउन २४ गते रु पाँच करोड मूल्य पर्ने ७६ कार्टुन इलेक्ट्रिक भेप बरामद गरेको थियो । जिल्ला प्रहरी कार्यालयले पर्साले वीरगञ्ज महानगरपालिका वडा नम्बर ६ रेल्वेरोडस्थित रामप्रसाद बैरेको पक्की घरमा भाडामा दिएको कोठाबाट ७६ कार्टुन अर्थात १५ हजार दुई सय थान इलेक्ट्रिक भेप बरामद थियो । एक कार्टुनमा दुई सय थान भेप भेट्टिएको थियो ।




जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौ: सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*